आज मिति २०८०/०६/०७ गतेका दिन यस सानी सोयारी गाउँपालिका अध्यक्ष श्री टेक बहादुर पौडेल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका निर्णय गरियो।

## उपस्थिति

१). श्री टेक बहादुर पौडेल - अध्यक्ष
२). श्री मनिषा सिंह थापा - उपाध्यक्ष
३). श्री पदम बहादुर खड्का - १ नं. वडा अध्यक्ष
४). श्री ज्ञानेन्द्रराज वली - २ नं. ,, — ,,
५). श्री मिन कुमार थापा - ३ नं. ,, — ,,
६). श्री मिनराज खड्का - ४ नं. ,, — ,,
७). श्री मगम थापा - ५ नं. ,, — ,,
८). श्री लवराज खाटेल - ६ नं. ,, — ,,
९). श्री रामलखन थापा - ७ नं. ,, — ,,
१०). श्री शालीकराम डाँगी - ८ नं. ,, — ,,
११). श्री सोहनलाल थापा - ९ नं. ,, — ,,
१२). श्री राधिका सुनार - कार्यपालिका सदस्य
१३). श्री याम कुमारी वली - ,, — ,,
१४). श्री गोमा कुमारी डाँगी - ,, — ,,
१५). श्री सुमित्रा थापा - ,, — ,,
१६). श्री धन बहादुर वि.क. - ,, — ,,
१७). श्री केशवराज बराई - ,, — ,,
१८). श्री ओम प्रकाश देवकोटा - प्र.प्र.अ. (सचिव)

**कार्यपालिका बैठक संख्या नं. ३०**

**मिति २०८०/०६/०७ गते**

राप्ती सोनारी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय अगैया,बाँके लुम्बिनी प्रदेश,नेपाल

**प्रस्तावहरुः**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. कार्यविधि स्वीकृत सम्बन्धमा।
३. सैद्धान्तिक सहमति सम्बन्धमा।
४. सीमा निर्धारण सम्बन्धमा।
५. भेरी अस्पताल लगायत अन्य स्वास्थ्य संस्थासंग MOU गर्ने सम्बन्धमा।
६. राष्ट्रपति चुरे संरक्षण कार्यक्रम एवम् जलश्रोत तथा सिंचाई डिभिजन कार्यालयलाई अनुरोध गर्ने सम्बन्धमा।
७. डिभिजन वन कार्यालय, बाँके तथा बाँके राष्ट्रिय निकुञ्जलाई अनुरोध गर्ने सम्बन्धमा।
८. मालपोत कार्यालय कोहलपुर तथा नापी कार्यालय कोहलपुरलाई सहयोग गर्ने सम्बन्धमा।
९. वन वातावरण सहायक र फार्मेसी सहायकको विज्ञापन गर्ने सम्बन्धमा।
१०. माध्यमिक विद्यालयमा ई हाजिरी जडान गर्ने सम्बन्धमा।
११. Container खरिद गर्ने सम्बन्धमा।
१२. सहयोगका लागि अपील गर्ने सम्बन्धमा।
१३. अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त पत्र उपर छलफल सम्बन्धमा।
१४. सुरक्षा निकायलाई इन्धन सहयोग गर्ने सम्बन्धमा।
१५. सुरक्षित नागरिक आवास संख्या संसोधन सम्बन्धमा।
१६. विविध।

प्रमाणित

ओम प्रकाश नेउपाने (?) ... 
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**निर्णय नं. १**

राप्ती सोनारी गाउँ कार्यपालिकाले यस पूर्वका बैठकहरुमा भएका निर्णयहरु कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो।

**निर्णय नं. २**

कार्यपालिका बैठकबाट छलफलका लागि विधायन समितिमा पठाईएका तपसीलका निर्देशिका तथा कार्यविधि विधायन समितिबाट प्राप्त राय अनुसार स्वीकृत गर्ने निर्णय गरियो।

तपसील

(१) न्यायिक समितिको न्याय सम्पादन निर्देशिका, २०८०
(२) राप्ती सोनारी गाँउपालिकाको कार्यसञ्चालन निर्देशिका ,२०७९ (प्रथम संसोधन २०८०)
(३) अटो तथा विद्युतीय रिक्सा नियमन तथा व्यवस्थापन कार्यविधि, २०८०
(४) खेलकुद विकास समिति सञ्चालन कार्यविधि, २०८०

साथै तपसीलमा उल्लेखित निर्देशिका तथा कार्यविधि अर्को कार्यपालिका बैठकमा राय सहित पेश गर्ने गरी विधायन समितिमा छलफलका लागि पठाउने निर्णय गरियो।

(१) गुनासो व्यवस्थापन निर्देशिका, २०८०
(२) स्वयम् सेवक परिचालन निर्देशिका , २०८०
(३) आपतकालीन कार्यसञ्चालन केन्द्र सञ्चालन कार्यविधि, २०८०

**निर्णय नं. ३**

राप्ती सोनारी गाँउपालिकाको विकास योजना व्यवस्थापनलाई व्यवस्थित, गुणस्तरीय, परिणाममुखी र प्रभावकारी बनाउन तपसीलका कार्यहरु गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने निर्णय गरियो।

(१) आधारभूत स्वास्थ्य सेवा केन्द्र ओभरीको प्रसुती गृहको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी, राप्ती सोनारी- ८

(२) प्रहरी चौकी ढकेरी मुकाम ओभरीको भवनको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी, राप्ती सोनारी- ८

**निर्णय नं. ४**

क) राप्ती नदीको बहाबले नदीको धार परिवर्तन भई यस गाँउपालिकाका वार्ड नं ६ र ७ को खेतीयोग्य जमीन डुडुवा गाँउपालिका तर्फ पर्न गई यस गाँउपालिकाका किसानलाई पर्न गएको क्षतिका सम्बन्धमा तथा वार्ड नं २, ६ र ८ मिलन विन्दुमा रहेको सिधनिया (सिजनिया) घाट तथा यस संग जोडिएको डुडुवा गाउँपालिकाको वार्ड नं ४ को सीमा विवादका सम्बन्धमा दुवै पालिकाका जिम्मेवार पदाधिकारी एवं सम्बन्धित निकायहरु सहितको छलफल राखी निष्कर्षमा पुर्याउन जिल्ला समन्वय समितिलाई अग्रसरता लिइदिनुहुन भनी अनुरोध गर्ने निर्णय गरियो।

ख) यस गाउँपालिकाको वार्ड नं ४ र नरैनापुर गाउँपालिकाको वार्ड नं १ झुरुवा नाकामा रहेको सीमा विवादका सम्बन्धमा दुवै पालिकाका जिम्मेवार पदाधिकारी एवं सम्बन्धित निकायहरु सहितको छलफल राखी निष्कर्षमा पुर्याउन जिल्ला समन्वय समितिलाई अग्रसरता लिइदिनुहुन भनी अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

यस गाँउपालिकाको आ व २०८०/८१ स्वास्थ्य तर्फ बजेट तथा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न तपसीलका स्वास्थ्य संस्थाहरुसंग विशेषज्ञ सेवा लिन दुई पक्षीय सम्झौताका लागि अनुरोध गर्ने निर्णय गरियो।

| सि नं | संस्थाको नाम | विशेषज्ञ सेवा | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | भेरी अस्पताल, नेपालगंज | प्रकारका | |
| २ | नेपालगंज मेडिकल कलेज, कोहलपुर | सबै प्रकारका | |
| ३ | फत्तेवाल आँखा अस्पताल, नेपालगंज | आँखा सम्बन्धी | |
| ४ | एच सी आर सी अस्पताल, नेपालगंज | प्रसूती र छाला सम्बन्धी | |
| ५ | भिजन आँखा अस्पताल, नेपालगंज | आँखा सम्बन्धी | |
| ६ | नेपाल आर्मी हस्पिटल, नेपालगंज | जनरल | |

**निर्णय नं. ६**

नेपाल सरकारको निर्णय बमोजिम छनौट भई राजपत्रमा समेत प्रकाशन भएको राप्ती सोनारी गाउँपालिका वार्ड नं ४ मा निर्माण हुने राप्ती सोनारी औद्योगिक ग्रामको पूर्व तर्फ पर्ने मोरङ्गा खोलामा तटबन्ध निर्माणका लागि राष्ट्रपति चुरे संरक्षण कार्यक्रम, लम्की एवम् जलश्रोत तथा सिंचाई डिभिजन कार्यालय, बाँकेलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

यस राप्ती सोनारी गाउँपालिकाभित्र रहेका सामुदायिक वन समूहहरुको दर्ता, नवीकरण तथा कार्ययोजना स्वीकृत गर्ने क्रममा गाउँपालिकासंग आवश्यक समन्वय तथा सहजीकरण गर्नका लागि डिभिजन वन कार्यालय, बाँकि तथा बाँकि राष्ट्रिय निकुञ्जलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ८**

मालपोत कार्यालय कोहलपुर तथा नापी कार्यालय कोहलपुरको अनुरोध बमोजिम यस आ. व. को स्वीकृत कार्यक्रम भित्र रही तपसीलका सामाग्रीहरु उपलब्ध गराउने निर्णय गरियो।

| सि. न. | कार्यालयको नाम | सामाग्रीको नाम | थान | कैफियत |
|---|---|---|---|---|
| १ | नापी कार्यालय, कोहलपुर | कम्प्यूटर सेट | २ | |
| २ | नापी कार्यालय, कोहलपुर | प्रिन्टर | २ | |
| ३ | नापी कार्यालय, कोहलपुर | स्टेवलाइजर १० केभिए | २ | |
| ४ | मालपोत कार्यालय, कोहलपुर | कम्प्यूटर सेट | २ | |
| ५ | मालपोत कार्यालय, कोहलपुर | प्रिन्टर | २ | |

**निर्णय नं. ९**

यस गाउँपालिकाको अधिकांश भाग वनजंगलले ढाकेको, गाउँपालिका भित्र ४० भन्दा बढी सामुदायिक वन रहेका र ३ वटा सव डिभिजन वन कार्यालय रहेका तथा बाँके राष्ट्रिय निकुञ्जको कार्यालय समेत यसै गाउँपालिका क्षेत्रभित्र रहेकोले सबै पक्षसंग समन्वय र सहकार्यका लागि वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०८० को दफा १७ तथा यस गाउँपालिकाको स्वीकृत संगठन तथा व्यवस्थापन (O&M) का आधारमा सम्बन्धित विषयको १ (एक) जना कर्मचारी एवम् १५ शैया अस्पतालका लागि नेपाल सरकारबाट प्रकाशित नमूना दरबन्दी अनुसार फार्मेसी सहायक १ (एक) जना करारमा नियुक्त गर्ने प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं १०**

यस राप्ती सोनारी गाउँपालिकाको अनुरोधमा सूचना प्रविधि विभागबाट प्राप्त ई-हाजिरी मेशीन तपसीलका माध्यमिक विद्यालयमा जडान गर्ने निर्णय गरियो।

| सि नं | विद्यालयको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | कुसुमेश्वर मा. वि., कुसुम | राप्ती सोनारी गाउँपालिका -१ | |

ओम प्रकाश देवकोटा
प्रशासकीय अधिकृत



CamScanner

| | | | |
|---|---|---|---|
| २ | लक्ष्मी मा. वि., मदुई | राप्ती सोनारी गाउँपालिका -२ | |
| ३ | सरस्वती मा. वि., भवनियापुर | राप्ती सोनारी गाउँपालिका -३ | |
| ४ | जनशक्ति मा. वि., बैजापुर | राप्ती सोनारी गाउँपालिका -४ | |
| ५ | भुवर भवानी मा. वि., विनौना | राप्ती सोनारी गाउँपालिका -५ | |
| ६ | सिद्देश्वर मा. वि., सिधनवा | राप्ती सोनारी गाउँपालिका -६ | |
| ७ | नेपाल राष्ट्रिय मा. वि., सर्री | राप्ती सोनारी गाउँपालिका -७ | |
| ८ | शिवशक्ति मा. वि., पेरानी | राप्ती सोनारी गाउँपालिका -८ | |
| ९ | गणेश मा. वि., ढकेरी | राप्ती सोनारी गाउँपालिका -९ | |

**निर्णय नं ११**

यस राप्ती सोनारी गाउँपालिकामा रहेका विपद् व्यवस्थापनका सामाग्रीहरुलाई सुरक्षित रुपमा भण्डारण गर्न विपद् व्यवस्थापन कोषबाट व्यहोर्ने गरी १ (एक) वटा पोर्टेवल कन्टेनर (Portable container) खरिद गर्ने प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं १२**

बाँके जिल्लाको दुर्गम तथा पिछडिएको क्षेत्रका रुपमा रहेको यस गाउँपालिकाको स्वास्थ्य, शिक्षा तथा फोहरमैला व्यवस्थापनका क्षेत्रमा सहकार्यमा काम गर्न ईच्छुक संघ संस्थाहरुलाई हातेमालोका लागि सूचना आव्हान गर्ने निर्णय गरियो।

**निर्णय नं १३**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विभिन्न समय समयमा यस गाँउपालिकालाई प्राप्त उजुरी सम्बन्धी पत्रहरुका बारेमा बैठकमा छलफल भई यसको प्रभावकारी कार्यान्वयन गर्न प्रतिवद्धता जाहेर गर्ने निर्णय गरियो।

**निर्णय नं १४**

यस गाउँपालिकाको भूगोल भित्र रहेका सुरक्षा निकायहरुलाई तपसील अनुसार मासिक रुपमा ईन्धन उपलब्ध गराउने निर्णय गरियो।

| सि नं | सुरक्षा निकायको नाम | ठेगाना | परिमाण (पेट्रोल) | कैफियत |
|---|---|---|---|---|
| १ | ईलाका प्रहरी कार्यालय, धामपुर | राप्ती सोनारी गाउँपालिका-४ | २० लिटर | |
| २ | ईलाका प्रहरी कार्यालय, कुसुम | राप्ती सोनारी गाउँपालिका-१ | १५ लिटर | |
| ३ | प्रहरी चौकी, कचनापुर | राप्ती सोनारी गाउँपालिका-२ | २० लिटर | |
| ४ | प्रहरी चौकी, शम्शेरगंज | राप्ती सोनारी गाउँपालिका-८ | १५ लिटर | |
| ५ | प्रहरी चौकी, फत्तेपुर क | राप्ती सोनारी गाउँपालिका-७ | १५ लिटर | |
| ६ | प्रहरी चौकी, फत्तेपुर ख | राप्ती सोनारी गाउँपालिका-६ | १५ लिटर | |
| ७ | अस्थायी प्रहरी पोष्ट, ढकेरी | राप्ती सोनारी गाउँपालिका-९ | १५ लिटर | |
| ८ | अस्थायी प्रहरी पोष्ट, अगैया | राप्ती सोनारी गाउँपालिका-२ | १५ लिटर | |
| ९ | सशस्त्र बेस क्याम्प, कुसुम | राप्ती सोनारी गाउँपालिका-१ | २० लिटर | |
| १० | RRT, कचनापुर | राप्ती सोनारी गाउँपालिका-२ | १५ लिटर | |
| ११ | BOP, महेशपुर | राप्ती सोनारी गाउँपालिका-४ | १५ लिटर | |
| १२ | BOP, बनुवा नाका | राप्ती सोनारी गाउँपालिका-१ | १५ लिटर | |
| १३ | ट्राफिक प्रहरी पोष्ट, कुसुम | राप्ती सोनारी गाउँपालिका-१ | १५ लिटर | |

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

| | | | | |
|---|---|---|---|---|
| १४ | ट्राफिक प्रहरी पोष्ट, शम्शेरगंज | राप्ती सोनारी गाउँपालिका | १५ लिटर | |

**निर्णय नं १५**

सुरक्षित नागरिक आवास कार्यक्रमका लागि राप्ती सोनारी गाँउ कार्यपालिकाको मिति:२०८०/०६/०७ गतेको निर्णय वमोजिम अत्याधिक जनधनत्व भएका वडाहरुमा तपसिल बमोजिमको आवास संख्या संशोधन गरिदिनु हुन अनुरोध छ।

तपसिल

| क्र.स. | वडा न. | साविक निर्णय भएको संख्या | संशोधन पछीको संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | वडा न.१ | ५० | ४० | |
| २ | वडा न.२ | ६० | ६० | |
| ३ | वडा न.३ | ६० | ४० | |
| ४ | वडा न.४ | ४० | ६० | |
| ५ | वडा न.५ | ६० | ५० | |
| ६ | वडा न.६ | ४५ | ४५ | |
| ७ | वडा न.७ | ५० | ७० | |
| ८ | वडा न.८ | ४० | ४० | |
| ९ | वडा न.९ | ४५ | ४५ | |
| जम्मा | | ४५० | ४५० | |

**निर्णय नं १६**

विविध विषयमा तपसील अनुसारको निर्णय गरियो।

(क) राप्ती सोनारी गाउँपालिका वार्ड नं. ६ मा भएको चोरीका सन्दर्भमा अनुसन्धान कार्यलाई प्रभावकारी बनाई यथासीघ्र सत्य तथ्य पत्ता लगाउन प्रमुख जिल्ला अधिकारीलाई अनुरोध गर्ने।

(ख) ब्रिनोज कान स्वास्थ्य सामुदायिक सेवा, फुल्टेक्रा, नेपालगंजको मिति २०८० असोज ७ च. न. ५५ को पत्रानुसार अनुरोध भई आए बमोजिम यस गाउँपालिकाको ९ वटा स्वास्थ्य संस्थाहरुमा निशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्न अनुमति दिने तथा सो शिविरमा आवश्यक सामान्य कर्मचारी एवम् खाजा गाउँपालिकाले जिम्मेवारी लिने।

(ग) यस गाउँपालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा वैकल्पिक रुपमा विद्युत लाइन आपूर्तिका लागि वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रमा अनुरोध गर्ने साथै प्रत्येक बर्थिङ्ग सेन्टरमा एक वटा Wheel Chair पुग्ने गरी व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

(घ) यस गाउँपालिकाको विनौना चोकममा ट्राफिक प्रहरी विट स्थापनाका लागि जिल्ला ट्राफिक कार्यालयलाई अनुरोध गर्ने।

(ङ) यस राप्ती सोनारी गाउँपालिकाको वार्ड नं ३ बस्ने बिन्द्रा थारु (ना. प्र. नं. २७८८४ बाँके) लाई निजको राँगाको दुर्घटना बापत रु १०,०००/- (रु दश हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने।

(च) यस गाउँपालिकाका तपसीलका दृष्टिविहिन व्यक्तिहरुलाई ब्रेल लिपि सहित अध्ययन गर्न मिल्ने प्रति व्यक्ति रु २५,०००/- (अक्षरुपी पच्चीस हजार मात्र) मा ननाघ्ने गरी मोबाइल सेट उपलब्ध गराउने। साथै प्रत्येक वडामा रहेका कम्तीमा १२ कक्षा पास गरेका नेत्रहीन व्यक्तिहरुको विवरण महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखामा २०८० असोज १५ गते भित्र उपलब्ध गराउने।

प्रमाणित

ओम प्रकाश ...
प्रमुख प्रशासकीय अधिकृत

| सि नं | नामथर | [illegible] | कैफियत |
|---|---|---|---|
| १ | अर्जुन थारु | राप्ती सोनारी गाउँपालिका -३ वेलासपुर | |

(छ) राप्ती सोनारी अस्पतालमा प्राथमिक आँखा उपचार केन्द्र स्थापनाका लागि यस गाउँपालिका, राप्ती सोनारी अस्पताल र तिलगंगा आँखा प्रतिष्ठान बीच त्रिपक्षीय सम्झौताका लागि स्वास्थ शाखालाई निर्देशन दिने साथै एक जना Ophthalmic Assistant भर्ना तथा सेवा सुविधा उपलब्ध गराउन अनुरोध गर्ने ।

(ज) यस राप्ती सोनारी गाउँपालिका क्षेत्रमा यात्रु ओसार पसार गर्ने सवारी साधन बसहरु निकै पुरानो र जीर्ण अवस्थाका रहेकाले ती सवारी साधनको नियमित अनुगमन एवम् कारवाहीका लागि यातायात व्यवस्था कार्यालय नेपालगंज र जिल्ला ट्राफिक कार्यालय बाँकेलाई अनुरोध गर्ने ।

(झ) जनसिद्देश्वर बहुमुखी क्याम्पस, स्वतन्त्र विद्यार्थी यूनियनले शिक्षक सेवा आयोग अन्तर्गत नि मा वि अध्ययन अनुमति पत्र अनलाइन तयारी कक्षा सञ्चालन गर्न पेश गरेको प्रस्ताव अनुसार रु ५०,०००/- (अक्षरुपी पचास हजार मात्र) सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च शीर्षकबाट खर्च लेख्ने गरी आर्थिक सहयोग उपलब्ध गराउने ।

(ञ) राष्ट्रिय अपाङ्गता तथा सपांगता साँस्कृतिक प्रतिष्ठान नेपालको मिति २०८०/०४/२२ गते च न ८७ बमोजिम यस गाउँपालिकाका विभिन्न स्थानमा जनचेतनामूलक साँस्कृतिक कार्यक्रम सञ्चालन गर्न अनुमति दिने ।

प्रमाणित

ओम प्रकाश ढकाल
प्रमुख प्रशासकीय अधिकृत